# प्रदेश राजपत्र


प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, पौष २६ गते, २०७७ साल (अतिरिक्ताङ्क ३०


## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

### प्रादेशिक संचार प्रतिष्ठान (गठन,संचालन तथा व्यवस्थापन) नियमावली, २०७७ लाई पहिलो संशोधन गर्ने सम्बन्धमा बनेको नियमावली, २०७७

प्रादेशिक संचार प्रतिष्ठान (गठन,संचालन तथा व्यवस्थापन) नियमावली, २०७७ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

प्रदेश स्वायत संस्था गठन ऐन, २०७६ को दफा १० ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १, प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "**प्रादेशिक संचार प्रतिष्ठान (पहिलो संशोधन) नियमावली, २०७७**" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रादेशिक संचार प्रतिष्ठान नियमावली, २०७७ नियम ६ को उपनियम (१) को खण्ड (ङ) मा संशोधनः** "कम्तिमा पैत्तीस बर्ष उमेर पुरा भई मान्यता प्राप्त विश्वविद्यालयबाट स्नात्तक उपाधि हासिल गरी व्यवस्थापन वा पत्रकारिता वा प्रशिक्षण क्षेत्रमा पाँच बर्ष कार्य अनुभव भएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा एक जना महिला सहित चार जना - सदस्य" भन्ने शब्दहरुको सट्टा "कम्तिमा पैत्तीस बर्ष उमेर पुरा भएको र मान्यता प्राप्त विश्वविद्यालयबाट स्नात्तक उपाधि हासिल गरी पत्रकारिता क्षेत्रमा पाँच बर्ष अनुभव प्राप्त गरेको वा पत्रकारिता क्षेत्रमा पन्ध्र बर्ष अनुभव प्राप्त गरेका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेका एक जना महिला सहित आठ जना- सदस्य" भन्ने शब्दहरु राखिएको छ।

स्वीकृत मितिः- २०७७/०९/२६

आज्ञाले,
राजेन्द्र कुमार पौडेल
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १